# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः २२ अगस्त २०२५**

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

- प्रधानमंत्री नरेन्द्र मोदीले कोलकाताको दमदम देखि राज्यका लागि ५,२०० करोड़ रूपियाँका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो।

- श्री मार्दीले २१ औं शताब्दीको भारतलाई २१ औ शताब्दीको भारतलाई २१ औ शताब्दीको अत्याधुनिक परिवहन प्रणालीको खाचौ छ र केन्द्र सरकार यसका ला गिनिरन्तर काम गरिरहेको भन्नुभयो।

- अनलाईन गेमिंग प्रोमोशन र रेगुलेशन विधेयक पारित भएपछि कैंयन अनलाईन गेमिंग कम्पनीहरूले पैसा आधारित खेलहरू बन्द गर्न थालेका छन्।

- उपराष्टपति पदका उम्मेद्वार सी.पी राधाकृषणनले एनडीए का सांसदहरूसित दिल्लीमा भेट गर्नुभयो जसमा हर्ष वर्धन सिंगला, राजु विष्ट,मनोज तिग्गा सामेल थिए।

- राज्यका आशाकर्मीहरूले आफ्नो वेतन वृद्धिको मांग गर्दै कालीघाट चलो रैली निकाले।

- पश्चिम बंगाल श्रम विभागले जीटिए क्षेत्र, तराई डुर्वस का चिया बगाल कम्पनीहरूलाई श्रमिकहरूलाई २० प्रतिशत बोनस दिने परामर्श दिएको छ।

**<u>प्रधानमंत्री भ्रमण</u>**

श्री मोदीले राज्यमा झण्डै ५,२०० करोड़ रूपियाको कैयन परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गर्नुभयो कोलकाताम आयोजित एक कार्यक्रममा श्री मोदीले कोलकातावासीहरूको सेवामा मेट्रो रेलको तीन खण्डहरू सर्मपित गर्नुभयो। यस अवसरमा उहाँले हरियो झण्डा देखाई तीनवटा नयाँ मेट्रो ट्रेनहरूलाई रवाना गर्नुभयो। यसका साथै कोलकाताले प्रतिदिन गुड़ने ३६६ मेट्रो सेवाहरू प्राप्त गर्ने छन् जसले दैनिक रूपमा झण्डै ९ लाख भन्दा बढ़ी यात्रीहरूलाई सुविधा प्राप्त हुनेछ। श्री मोदीले जेसोर रोड मेट्रो स्टेशन देखि नोआपाड़ा- जय हिन्द विमान बन्दर, सियालदह- इस्प्लानेड र बेलेघाट- हेमन्त मुखोपाध्याय मेट्रो सेवाहरूलाई हरियो झण्डा देखाई शुभारम्भ गर्नुभयो। यो रेल खण्डहरूले १३.६१ किलो मीटर लामो रेलखण्ड जोड़ेको छ।यो परियोजना - विश्व स्तरीय पूर्वाधार तथा राम्रो शहरी संजाल युक्त रहेको छ। यस अघि मोदीले कोलकातामा एउटा मेगा रोड शो- गर्नुभयो। हजारौंको संख्यामा मानिसहरू सड़कका दुवै किनारमा उभिएर श्री मोदीको न्यानो स्वागत जनाए।

यस उद्घाटन अवसरमा बोल्दै श्री मोदीले भन्नुभयो- २१ औं शताब्दीको भारतले २१ औ शताब्दीको पूर्वाधार र अत्याधुनिक परिवहन प्रणाली युक्त हुनुपर्छ। भरत सरकारले देशमा रेलदेखि रोड र मेट्रो देखि हवाई अड्डा सम्मको अत्याधुनिक स्तरको विकास गर्ने संकल्पको साथ काम गरिरहेको छ। यसका लागि मानिसहरूको जीवन तथा परिवहन दुवैलाई सुगम र सहज बनाउने काम गरिरहेको छ भन्दै केन्द्र सरकारले पश्चिम बंगालको विकासका लागि निरन्तर प्रयास गरिरहेको छ। उहाँले भन्नुभयो पश्चिम बंगालमा सबै रेललाईनहरूलाई विधुतीकरण गरि सकिएको छ। आज राज्यमा ९ वटा वन्दे भारत ट्रेन र दुईवटा अमृत भारत ट्रेन पनि संचालित भईरहेका छन् भनी श्री मोदीले भन्नुभयो। राज्यको यातायात सुविधालाई बढ़ाउने र आधुनिक गर्ने काम गरिन्दैछ। उहाँले राज्यमा चलिरहेका राजमार्ग परियोजनाहरूले कोलकाता र पश्चिम बंगालको सुनौलो भविष्यलाई नयाँ दिशा दिनेछ भनी श्री मोदीले भन्नुभयो। श्री मोदीले भन्नुभयो -विश्वमा मेट्रो

रेल नेटवर्कमा आज भारत तेस्रो स्थानमा पुगेको छ। स्मरण रहोस देशमा मेट्रो रेल सेवा सबभन्दा पहिला शुरू भएको थियो तर आज मोदी सरकारको प्रयासमा ४० वर्ष फेरी १३.६१ किलो मिटरको रेललाईन संचालित भएको छ।

श्री मोदीले जाोर दिंदै भन्नुभ्यो- कोलकाता जस्तो हाम्रो शहर, भारतको इतिहास र हाम्रो भविष्य दुवैको समृद्धि पहिचान हो। आज भारत जब विश्वको तेस्रो सर्ववृहत अर्थतन्त्र बन्ने दिशामा अग्रसर भइर्ह्रहेको छ तब दमदम कोलकाता जस्तो शहरको भूमिका धेरै ठूलो छ।

यस उद्घाटन तथा शिलान्यास कार्यक्रम पछि दमदम केन्द्रिय जेल मैदानमा बीजेपीको एक रैलीलाई सम्बोधित गर्दै श्री मोदीले भन्नुभयो- केन्द्र सरकारले राज्यको विकास र जनताको कल्याणका लागि जुन पैसा पठाइन्छ त्यो पैसा टिएमसी कैडरहरूले लुटेर खान्छन्। देशका ठूला राज्यहरूमा पश्चिम बंगाल एक हो र देशको विकासका लागि राज्यको विकास आवश्यक छ। तर पश्चिम बंगाल विकासको क्षेत्रमा धेरै पछाडी छ। असममा र त्रिपुराको पनि यस्तै हाल थियो। तर त्यहाँ भाजपा सरकारमा आएपछि दुवै राज्यहरूले अभूतपूर्ण विकास गरीरहेका छन्। उहाँले राज्यका मानिसहरूलाई जाग्ने ,उठने र राज्यमा नयाँ प्रकाश ल्याउन संकल्पबद्ध हुने आवहान गर्नु भयो उहाँले राज्यको भ्रष्ट टिएमसी सरकारलाई हटाउने आवहान गर्नुभयो।

उहाँले अझ भन्नुभयो - केही वर्ष अघाड़ी सीपीएम को कुशासन देखि पार पाउन राज्यवासीले माँ, माँटी, मानुषको नारा दिने टिएमसीलाई सत्तामा ल्याए तर यो परिवर्तनले माँ , माँटी, मानुषको होइन रहेछ तर भ्रष्ट र डाकाहरूको रहेको आज राज्यवाससीले अनुभव गरिरहेका छन्। यसले २०२६ मा राज्यमा सत्ता परिवर्तन गर्ने उहाँले आवहान गर्नुभयो।

**उपराष्ट्रपति उम्मेद्वार**

एनडीए का उप-राष्ट्रपति उम्मेद्वार श्री सी.पी राधाकृष्णनले आज नयाँ दिल्लीमा राष्ट्रिय जनतांत्रिक गठबन्घन एनडीए का सांसदहरूसित भेट गर्नु भयो। उहाँसित भेट गर्नेहरूमा दार्जीलिङ्का लोकसभा सांसद राजु विष्ट, दार्जीलिबाट राज्यसभा सांसद हर्षवर्धन श्रृंगला, अलिपुरद्वारका सांसद मनोज तिग्गा , जलपाईगुड़ीका सांसद ड़ा. जयन्त चौधरी सहित पश्चिम बंगालका सबै भाजपा सांसदहरू उरपस्थित थिए। श्री राघाकृषणनले उपराष्ट्रपति पदका लागि सबैको समर्थनको आवहान गर्नुभयो।

**पश्चिम बंगाल श्रम विभाग**

पश्चिम बंगाल श्रम विभागले दार्जिलिङ, कर्सियोंग, कालिम्पोङ, तराई र डुवर्सका चिया बगान व्यवस्थापनलाई आर्थिक वर्ष २०२४-२५ को लागि श्रमिकहरूलाई २०% बोनस दिन सल्लाह दिएको छ।अतिरिक्त श्रम आयुक्त पार्थ प्रतिमा विश्वासले आज जारी गर्नुभएको निर्देशनको उदेश्य दुर्गा पूजा अघि समयमै भुक्तानी सुनिश्चित गर्नु हो।व्यवस्थापन र ट्रेड युनियनहरूलाई औद्योगिक शान्ति र अनुशासन कायम राख्न आग्रह गरिएको छ। १५ सेप्टेम्बर, २०२५ सम्ममा बोनस वितरण गरिनुपर्छ, र श्रम आयुक्तालयले अनुपालनको निगरानी गर्नेछन्।

**बंगालमा आशाकर्मी**

बंगालमा आशाकर्मीहरु आफ्नु लंबित मांगहरुलाई लिएर आज सड़कमा उत्रेका छन्। आशाकर्मीहरुको 'कालीघाट चलो' रैलीलाई पुलिसले रासबिहारी मोड़ नजिक नै रोकेका थिए, जसको कारण त्यहाँ भारी जाम लागेको थियो अनि आम यात्रिहरुलाई धेरै समस्याको सामना गर्नु परेको थियो । आज आयोजित यस विरोध रैलीमा सैकड़ों आशाकर्मीहरु शामिल भएका थिए। उनीहरुको मुख्य मांग सरकारले उनीहरुलाई पनि सरकारी कर्मचारिहरु जस्तै सम्मान अनि सुविधाएं प्रदान गर्नु हो साथै उनीहरुको वेतन वृद्धि, बीमारी अवस्थामा मेडिक्लेम सुविधा अनि पीएफ जस्ता सामाजिक सुरक्षा योजनाहरु उनीहरुलाई पनि प्रदान गर्नु रहेको छ |

**जलपाईगुडी**

जलपाईगुडीमा विज्ञान तथा प्रकृति क्लबको संग्रहालयमा डायनासोरको अण्डा प्रदर्शन गर्दा ठूलो भीड जम्मा भयो। वैज्ञानिकहरूको दाबी छ कि यो अण्डा लगभग १३ करोड ५० लाख वर्ष पहिला अस्तित्वमा रहेको टाइटानोसरस प्रजातिको

हो।स्थानीय मानिसहरू अण्डा हेर्न उत्साहका साथ पुगेका थिए। प्रत्येकविज्ञान तथा प्रकृति क्लबका सचिव राजा राउतले डायनासोरको अण्डासँगै तिनीहरूको हड्डीका अवशेषहरू पनि संग्रहालयमा रहेको बताउनुभएको छ। क्लबको लक्ष्य विश्वका विभिन्न भागहरूबाट लोप भइसकेका र लोपोन्मुख जीवहरूको जीवाश्म सङ्कलन गर्नु र तिनीहरूलाई संरक्षण गर्नु र विद्यार्थीहरूलाई यसबारे सचेत गराउनु हो।

**मिरिक महाविद्यालय**

मिरिक महाविद्यालयमा आज मिरिक महाविद्यालय नेपाली विभाग अनि आइक्युएसीको संयुक्त आयोजनामा तथा महाविद्यालय सञ्चालन समितिका अध्यक्ष श्रीमती पुनम विश्वको अध्यक्षतामा नेपाली भाषा मान्यता दिवस पालन गरियो। कार्यक्रममा शिक्षक प्रभारी प्रा. निमा लामा, नेपाली विभाग अध्यक्ष डा. आनन्द छेत्री, प्रा. विक्रम राई, प्रा. सुभायु भट्टचार्य लगायत सम्पूर्ण शिक्षण अनि अशिक्षण कर्मचारीहरू अनि विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

****** ० ******